# स्थानीय राजपत्र

सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

खण्ड : ९ सङ्ख्या : ८ मिति : २०८२ चैत १२


नगर सभाबाट पारित मिति : २०८२ चैत ६

प्रमाणीकरण मिति : २०८२ चैत ११

## भाग-१

## सुन्दरहरैँचा नगरपालिकाको न्यायिक समितिको फैसला तथा मिलापत्र कार्यान्वयन (पहिलो संशोधन) ऐन, २०८२

सुन्दरहरैँचा नगरपालिकाको न्यायिक समितिको फैसला तथा मिलापत्र कार्यान्वयन ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले ऐ. ऐनको दफा १४६ ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको नगर सभाले यो ऐन स्वीकृत गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# सुन्दरहरैँचा नगरपालिकाको न्यायिक समितिको फैसला तथा मिलापत्र कार्यान्वयन (पहिलो संशोधन) ऐन, २०८२

<u>प्रस्तावना :</u> सुन्दरहरैँचा नगरपालिकाको न्यायिक समितिको फैसला तथा मिलापत्र कार्यान्वयन ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

ऐ. ऐनको दफा १४६ ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम "सुन्दरहरैँचा नगरपालिकाको न्यायिक समितिको फैसला तथा मिलापत्र कार्यान्वयन (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. <u>सुन्दरहरैँचा नगरपालिकाको न्यायिक समितिको फैसला तथा मिलापत्र कार्यान्वयन ऐन, २०८१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ मा संशोधन :</u>** सुन्दरहरैँचा नगरपालिकाको न्यायिक समितिको फैसला तथा मिलापत्र कार्यान्वयन ऐन, २०८१ को दफा ३ को उपदफा (१) मा :

| | |
|---|---|
| **"प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी** | **संयोजक** |
| **प्रशासन शाखा प्रमुख** | **सदस्य** |
| **प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना महिला कर्मचारी** | **सदस्य"** |

को सट्टामा

| | |
|---|---|
| **"(क) प्रमुख प्रशासकीय अधिकृत** | **संयोजक** |
| **(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको २ जना कर्मचारी** | **सदस्य"** |

वाक्यांश राखिएको छ।

**३. <u>मूल ऐनको दफा ३ को उपदफा (२) मा संशोधन :</u>** मूल ऐनको दफा ३ को उपदफा (२) को खण्ड (१) मा **"कम्तीमा महिनाको दुई पटकसम्मको"** सट्टा **"आवश्यकता अनुसारको"** भन्ने शब्दहरू राखिएको छ। **"दुई पटकसम्मको बैठक बापत प्रति बैठक रु. १,०००।- (एक हजार) का दरले"** भन्ने वाक्यांश हटाई **"बैठक भत्ता नियमानुसार कर कट्टी गरी"** पाउनेछन् भन्ने वाक्यांश राखिएको।

**४. <u>मूल ऐनको परिच्छेद-६ मा संशोधन :</u>** मूल ऐनको परिच्छेद-६ मा **"मिलापत्रको कार्यान्वयन सम्बन्धी व्यवस्था"** भन्ने वाक्यांशको सट्टा **"फैसला तथा मिलापत्रको कार्यान्वयन सम्बन्धी व्यवस्था"** भन्ने वाक्यांश राखिएको छ।

५. **<u>मूल ऐनको दफा ५२ को उपदफा (४) मा संशोधन :</u>** (क) मूल ऐनको दफा ५२ को उपदफा (४) मा **"मिलापत्र बमोजिमको"** भन्ने वाक्यांशको सट्टा **"फैसला/आदेश तथा मिलापत्र"** भन्ने वाक्यांश राखिएको छ।

(ख) **"मिलापत्र"** भन्ने शब्दको सट्टामा "**फैसला/आदेश तथा मिलापत्र"** शब्द राखिएको छ।

**आज्ञाले,**
**गणेश राज कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र